जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ४६ २०८३ साल भदौ २५ गते बिहीबार (10 Sep 2026 Thursday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'भोटेकोशी बाढी जलवायुजन्य... ३ पृष्ठमा : हिमनदीको जोखिममा ... ४ पृष्ठमा : आयल निगमले आफ्नै ...

# बाढी आउनु अघि नै सूचना पाउने, पूर्वतयारी तथा पूर्वकार्य गरेर जनधनको क्षति न्यून गर्ने सम्बन्धी अभिमुखीकरण



**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका बाढी प्रभावित क्षेत्रका स्वयंसेवकलाई बाढी आउनु अघि नै सूचना पाउने र त्यसअनुसार पूर्वतयारी तथा पूर्वकार्य गर्न सके जनधनको क्षति न्यून गर्न सकिने भन्दै अभिमुखीकरण दिइएको छ ।

कोका-कोला फाउन्डेसनको सहयोग, मर्सीकोर्प्स र जनचेतना अभियान नेपालको साझेदारी तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा सञ्चालित 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत समुदायमा प्रभावकारी पूर्वसूचना र पूर्वकार्य सुनिश्चित गर्ने उद्देश्यले स्वयंसेवकका लागि बुधबार अभिमुखीकरण कार्यक्रम गरिएको हो ।

स्वयंसेवकलाई बाढीको पूर्वसूचना प्राप्त भएपछि समुदायमा सूचना प्रवाह गर्ने, जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजाने, उद्धार तथा प्राथमिक उपचार गर्ने लगायतका विषयमा जानकारी गराइएको छ ।

कार्यक्रममा गाउँपालिकाका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति राजेश झाले विपद्को समयमा समुदायस्तरबाट गरिने पूर्वकार्य र स्वयंसेवकको भूमिकाबारे सहजीकरण गरे ।

उनले बाढी तथा अन्य विपद् आएपछि उद्धारमा मात्रै केन्द्रित हुनुभन्दा त्यसअघि नै जोखिम पहिचान, सुरक्षित स्थानको व्यवस्थापन, आवश्यक सामग्रीको तयारी र समुदायमा सूचना सम्प्रेषण गर्न सके ठूलो क्षति रोक्न सकिने बताए ।

मर्सीकोर्प्सका नगद तथा भौचर अधिकृत धर्मप्रसाद बजगाईंले पनि विपद् आउनुअघि गरिने तयारीले क्षति न्यूनीकरणमा पार्ने प्रभावबारे जानकारी दिए ।

उनले विपद् आउनु अघि सम्भावित क्षेत्रका व्यक्तिहरुलाई समूहमा नगद सहयोग गरेर कसरी विपद् जोखिम न्यूनीकरण गर्न सकिने सन्दर्भमा सहभागीहरु सँग छलफल गरे ।

अभिमुखीकरणका क्रममा गत भदौ १० गते रसुवामा आएको बाढी तथा त्यसबाट प्रभावित नागरिकको उद्धारका विभिन्न उदाहरण प्रस्तुत गर्दै विपद्लाई सामान्य रुपमा नलिई समयमै सजग र तयारी अवस्थामा रहनुपर्नेमा जोड दिइएको थियो ।

पूर्वतयारीमा एक सय रुपियाँ लगानी गर्दा विपद्पछिको पुनर्स्थापनामा सात सय रुपियाँ बचत हुने अवधारणामा पनि जोड दिइएको थियो ।

खाँडो, जिता, महुली र कोशी नदीको बाढीबाट प्रभावित तिलाठी कोइलाडीका बस्तीमा स्वयंसेवकलाई विपद्को पहिलो सूचनादाता र समुदायलाई सुरक्षित बनाउन महत्वपूर्ण भूमिकामा परिचालन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा खाँडो, जिता, महुली र कोशी नदीको बाढीको जोखिममा रहेका तिलाठी कोइलाडी गाउँपालिकाका ३० जना स्वयंसेवकको सहभागिता थियो ।

## ग्यास आपूर्ति सहज बनाउन उद्योगमन्त्रीको निर्देशन

काठमाडौँ, २४ भदौ (रासस) ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले उपभोक्तालाई सहज रूपमा ग्यास उपलब्ध गराउन आवश्यक व्यवस्थापन मिलाउन नेपाल आयल निगमका पदाधिकारी र ग्यास उद्योगीलाई निर्देशन दिनुभएको छ ।

मन्त्री यादवले काठमाडौँ उपत्यकामा एउटा कम्पनीको ग्यास उपलब्ध नभएमा अर्को कम्पनीको ग्यास सिलिन्डरसँग उही मूल्यमा साट्न सकिने व्यवस्था गर्नसमेत निर्देशन दिनुभयो ।

त्यस व्यवस्थाबाट उपभोक्ताले आफूले प्रयोग गर्दै आएको कम्पनीको सिलिन्डर तत्काल उपलब्ध नभएको अवस्थामा अन्य कम्पनीको सिलिन्डरमार्फत समेत ग्यास प्राप्त गर्न सक्नेछन् ।

मन्त्रीको सचिवालयका अनुसार बाढीका कारण उत्पन्न आपूर्ति असहजतालाई तत्काल सम्बोधन गर्दै उपभोक्तालाई राहत दिने उद्देश्यले यस्तो व्यवस्था गर्न लागिएको हो ।

मन्त्री यादवले उपभोक्तालाई अनावश्यक दुःख दिने, कृत्रिम अभाव सृजना गर्ने वा तोकिएको व्यवस्थाविपरीत कार्य गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने स्पष्ट पार्नुभएको छ ।

## पाँच वर्षीया बालिकालाई आमाको कलेजो प्रत्यारोपण

**दैनिक समाचारदाता**
**ललितपुर, २४ भदौ ।**

किष्ट अस्पताल ललितपुरले पाँच वर्षीया बालिकालाई आमाको कलेजो प्रत्यारोपण गरेको छ ।

किस्ट टिचिङ अस्पतालका प्रबन्ध निर्देशक डा अभिषेक थापाले विशेषज्ञ निगरानी पूरा भएपछि बालिकालाई 'डिस्चार्ज' गरिएको बताए ।

बालिकाकी ३३ वर्षीया आमाले आफ्नै कलेजोको केही हिस्सा छोरीलाई दान गरेकी हुन् । सफल प्रत्यारोपणपछि बालिकाको स्वास्थ्य अवस्था स्थिर तथा सन्तोषजनक रहेको अस्पतालले जनाएको छ ।

## एक हजार ३ सय ६७ शव फेला

काठमाडौँ, २४ भदौ (रासस) ।

रसुवा बाढीमा परी बेपत्ता भएकामध्ये हालसम्म एक हजार ३६७ जनाको शव फेलापरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार भोटेकोशी र त्रिशूली बाढीपछि हराइरहेका पाँच हजार १३२ जना अझै सम्पर्कविहीन छन् ।

प्राधिकरणका अनुसार रसुवामा १७४, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, नवलपरासीपूर्वमा २२६, नवलपरासी पश्चिममा २२२ र चितवनमा ३६३ जनाको शव फेलापरेको छ । तीमध्ये हालसम्म १०२ वटा शवको सनाखतपछि आफन्तले बुझिसकेका छन् ।

बाढीमा परी नेपाली सेनाका ४५, नेपाल प्रहरीका २५, सशस्त्र प्रहरीका १२ तथा सरकारी कर्मचारी ७३ जना अझै सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी २६ र विदेशी पर्यटक करिब ५८९ जना सम्पर्कविहीन छन् । सुरक्षा फौजले सम्पर्कविहीनको खोजी तथा उद्धारकार्यलाई थप तीव्र तुल्याइरहेको छ ।

बाढी प्रभावित क्षेत्रमा सञ्चालन गरिएको खोजी तथा उद्धार अभियानबाट हालसम्म १३ हजार ६४६ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये तीन हजार ६२८ जनाले विभिन्न स्थानमा होल्डिङ सेन्टरमा आश्रय लिइरहेका छन् ।

प्राधिकरणका अनुसार बाढीमा परी घाइते भएका तथा प्रभावित सात हजार १५१ जना नागरिकलाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ । बाढीबाट विस्थापित तथा प्रभावित नागरिकलाई सुरक्षित स्थानमा राखि आधारभूत आवश्यकता पूरा गर्न राज्यका विभिन्न निकायले खोज, उद्धार, राहत तथा व्यवस्थापनको काम गरिरहेका छन् ।

त्यस कार्यमा सुरक्षा निकाय, स्थानीय तह तथा विभिन्न सरकारी र गैरसरकारी निकाय निरन्तर सक्रिय छन् । बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुर्‍याएपछि खोजी, उद्धार, राहत र अन्य व्यवस्थापनको कार्यलाई सरकारले प्राथमिकतामा राखेको छ ।

## सडक दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, २४ भदौ ।**

सुनसरीमा भएको सवारी दुर्घटनामा रेडियो नेपालका प्राविधिक अधिकृतसहित दुई जनाको मृत्यु भएको छ ।

दुहवी नगरपालिका ११ सिमरबनास्थित पुलबाट मङ्गलबार साँझ बा७५प ३११० नम्बरको मोटरसाइकल खस्दा गढी गाउँपालिका २ का ५५ वर्षीय प्रकाशलाल थान्दारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

उक्त दुर्घटनामा गम्भीर घाइते थान्दारलाई विराट शिक्षण अस्पताल पुर्‍याइएकामा उपचारका क्रममा निधन भएको थियो । मृतक थान्दार रेडियो नेपाल तारिणीप्रसाद कोइराला स्मृति सञ्चार ग्राम विराटनगरमा प्राविधिक अधिकृतका रूपमा कार्यरत थिए ।

त्यसैगरी, धरान उपमहानगरपालिका-८ गुराँस चोकमा मङ्गलबार साँझ मोटरसाइकल र सिटी सफारी आपसमा ठोकिँदा इटहरी उपमहानगरपालिका-५ का ५५ वर्षीय राजेन्द्रप्रसाद घिमिरेको मृत्यु भएको छ ।

उक्त दुर्घटनामा गम्भीर घाइते घिमिरेको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारका क्रममा हिजै निधन भयो । ती दुवै घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

**सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं**

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### कामदारको अभाव

सप्तरी कृषि उत्पादनका दृष्टिले अत्यन्त सम्भावनायुक्त जिल्ला हो । उर्वर भूमि, अनुकूल हावापानी तथा धान, गहुँ, मकै, दलहन, तेलहन र तरकारी उत्पादनका लागि पर्याप्त सम्भावना हुँदाहुँदै पनि पछिल्ला वर्षहरूमा यहाँको कृषि क्षेत्र गम्भीर चुनौतीबाट गुज्रिरहेको छ । ती चुनौती मध्ये कृषि क्षेत्रमा कामदारको अभाव प्रमुख बन्दै गएको छ। खेती गर्ने समयमा खेतमा आवश्यक जनशक्ति नपाउनु किसानका लागि ठूलो समस्या बनेको छ । रोपाइँ, गोडमेल, कटाइ तथा भित्र्याउने जस्ता काममा समयमै मजदुर नपाउँदा उत्पादनमा समेत प्रत्यक्ष असर पर्ने गरेको छ ।

वैदेशिक रोजगार तथा अन्य गैरकृषि क्षेत्रमा रोजगारीका अवसर बढ्दै जाँदा कृषि मजदुरको अभाव र ज्यालामा वृद्धि हुने समस्या देखिएको सरकारी कृषि अध्ययनहरूले पनि औंल्याएका छन् । विशेषगरी गाउँका युवा रोजगारीका लागि विदेश तथा सहरतर्फ पलायन भएपछि खेतबारीमा वृद्धवृद्धा र महिलाको जिम्मेवारी बढ्दै गएको छ । कृषि क्षेत्रमा कामदार अभाव हुनुको मुख्य कारणमध्ये कृषि पेशाप्रति युवाको घट्दो आकर्षण, अनिश्चित आम्दानी, उत्पादन लागत वृद्धि र श्रमअनुसार उचित प्रतिफल नपाइनु पनि हुन् । नेपालका अन्य तराई जिल्लामा समेत पुरुषहरू वैदेशिक रोजगारमा गएपछि महिलाले कृषि धान्नुपरेको र मौसमी समयमा मजदुर अभाव भएको अवस्था देखिन्छ ।

यस समस्याको समाधान मजदुर खोजेर मात्र सम्भव छैन । कृषिको आधुनिकीकरण र यान्त्रिकीकरणलाई प्राथमिकता दिनुपर्छ । धान रोप्ने, काट्ने तथा अन्य कृषि कार्यका लागि आधुनिक उपकरण र मेसिनमा किसानको पहुँच विस्तार गर्न आवश्यक छ। तसर्थ साना तथा विपन्न किसानले समेत कृषि उपकरण प्रयोग गर्न सक्ने गरी स्थानीय तहले अनुदान, सहुलियत र सामूहिक कृषि उपकरण बैंकको व्यवस्था गर्नुपर्छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# 'भोटेकोशी बाढी जलवायुजन्य घटना हो, यसमा दुविधा छैन'

काठमाडौं, २४ भदौ (रासस) ।

भोटेकोशी नदीमा आएको विनासकारी बाढीले नेपालले जलवायु परिवर्तनका कारण व्यहोर्दै आएको बढ्दो जोखिम र हानि तथा नोक्सानीलाई फेरि सतहमा ल्याएको छ । उच्च हिमाली क्षेत्रमा तापक्रम वृद्धिसँगै हिमनदीजन्य जोखिम बढिरहेको भन्दै जलवायु न्याय, पर्याप्त जलवायु वित्त र हानि-नोक्सानी कोषमा सहज पहुँचका लागि अन्तरराष्ट्रिय मञ्चमा सशक्त आवाज उठाउनुपर्ने बताउनुहुन्छ, कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकाल । प्रस्तुत छ, भोटेकोशी बाढी, जलवायुजन्य हानि-नोक्सानी र आगामी कोप-३१ का विषयमा राससका पत्रकार प्रगति ढकालले उहाँसँग गर्नुभएको कुराकानीको अंशः

**यही भदौ १० गते भोटेकोशी नदीमा आएको अप्रत्यासित र विनासकारी बाढीले ठूलो जनधनको क्षति गर्‍यो । यस घटनालाई जलवायु परिवर्तनबाट सिर्जित जोखिम र बढ्दो जलवायुजन्य विपद्को सन्दर्भमा तपाईंले कसरी विश्लेषण गर्नुभएको छ ?**

यही भदौ १० गते अर्थात् अगस्ट २६ गते बिहान भोटेकोशी नदीमा जुन किसिमको बाढी आयो, यो जलवायुजन्य जोखिम हो । यसको प्रभाव तल्लो तटीय क्षेत्रमा बस्ने समुदायदेखि नेपालको सम्पूर्ण तह र तप्काका नागरिकले भोग्नुपरेको छ । यसका लागि थप प्रमाण खोजिरहनुपर्ने अवस्था छैन । भोटेकोशीमा आएको बाढी जलवायु परिवर्तनका कारण हो कि होइन भन्नेमा कुनै दुविधा हुनुपर्छ भन्ने मलाई लाग्दैन । अहिलेसम्मका वैज्ञानिक प्रतिवेदन तथा अध्ययन-अनुसन्धान हेर्दा पृथ्वीको तापक्रम समग्र रूपमा बढिरहेको छ । तल्लो तटीय क्षेत्रमा तापक्रम सामान्य रूपमा बढ्दा त्यसको प्रभाव उच्च हिमाली क्षेत्रमा अझ बढी पर्ने कुरा अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसी)का अध्ययनले प्रमाणित गरिसकेका छन् ।

हिमाल पग्लिने, हिउँ पग्लिने तथा हिमताल बन्ने र फुट्ने क्रम जारी छ । त्यसका कारण तल्लो तटीय क्षेत्रमा बाढीपहिरो आउने र ठूलो मात्रामा धनजनको क्षति हुने जोखिम छ । यसअघि इम्जा र छ्योरोल्पा हिमतालको पानीको मात्रा घटाएर तल पठाउने कामलाई पनि जलवायु अनुकूलनको एउटा उदाहरणका रूपमा लिन सकिन्छ । आइपिसिसीको 'क्रायोस्फियर एन्ड ओसियन इन द चेन्जिङ क्लाइमेट' प्रतिवेदन हेर्दा हिन्दूकुश हिमालय क्षेत्र, त्यसमा पनि उच्च हिमाली क्षेत्रमा तापक्रम वृद्धिको प्रभाव बढी परेको देखिन्छ । त्यसका कारण पानीका स्रोतहरू विस्तारै कम हुँदै जाने, डढेलो बढ्दै जाने तथा पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्नेलगायतका प्रमाण यसअघिका अध्ययन-अनुसन्धानले देखाइसकेका छन् ।

अहिले हामीसामु आएका अध्ययन-अनुसन्धानका तथ्याङ्कलाई समग्रमा हेर्दा तापक्रम वृद्धिका कारण हिउँ पग्लिएको देखिन्छ । हिउँ पग्लिँदै जाँदा ठूला-ठूला जमेका बरफ पग्लिने क्रम सुरु हुन्छ । पानी पग्लिँदै जाँदा र हिउँको चापका कारण बरफका ढिक्का तल बग्ने क्रममा जमिनसमेत आफूसँगै बगाएर ल्याउँछन् । माथिल्लो क्षेत्रमा भएको यही घटनालाई वैज्ञानिकहरूले हिमनदीजन्य चट्टानी पहिरो भनेका छन् । त्यसपछि तल्लो तटीय क्षेत्रमा, जहाँ जमिन भिरालो छ, माथिबाट बगेको हिउँसँगै आएको पानी, हिउँका ढिक्का खस्दा र पग्लिँदा परेको प्रभाव तथा त्यसले माटो, गेग्रान र अन्य पदार्थ बगाउँदै तल्लो तटीय क्षेत्रमा ल्याएको गति अकल्पनीय छ । यस्तो घटना हुनसक्छ भनेर अनुमान गर्न सकिन्थ्यो तर यति ठूलो घटना यसरी नै हुन्छ भनेर कसैले भन्न सक्ने अवस्था थिएन । अहिले हामीले व्यहोरेको क्षति, त्यसको गति र प्रभाव हेर्दा यो जलवायुजन्य घटना हो भन्नेमा कुनै दुविधा छैन ।

अर्को महत्त्वपूर्ण कुरा के हो भने भोटेकोशी बाढी उत्पत्ति भएको ठाउँमा, मेरो जानकारी भएसम्म पृथ्वीको कुनै पनि मानिस पुगेको छैन । बाहिरबाट सबैले अनुमान गरेका छन् । अब हामीले यसलाई जलवायुजन्य घटना भनिसकेपछि कसैले होइन भन्छ भने त्यसको प्रमाण लिएर आउनुपर्छ । नत्र यो जलवायुजन्य होइन भन्ने आधार छैन । मेरो बुझाइमा यो शतप्रतिशत जलवायुजन्य घटना हो । नेपालले न्यून कार्बन उत्सर्जन गरेको, त्यस क्षेत्रमा कुनै भौतिक पूर्वाधार विकास नभएको, उद्योग नखुलेको र मानवीय बस्तीसमेत नभएको शून्य कार्बन क्षेत्रमा यो घटना भएको हो । यस्तो शून्य कार्बन क्षेत्रमा भएको घटनालाई लिएर पनि शङ्का-उपशङ्का गरिन्छ भने त्यस्ता व्यक्तिलाई जलवायु परिवर्तनका विज्ञ वा अभियन्ता भनेर विश्वास गर्न मलाई गाह्रो हुन्छ । तापक्रम वृद्धि हुँदै जाँदा पृथ्वीको सतह तात्यो, हिउँ पग्लियो र हिउँ पग्लिँदा त्यससँगै जमिनसमेत बगेर आयो । त्यसैले यसलाई हामीले हिमनदीजन्य चट्टानी पहिरो भनेका हौँ । त्यसरी बगेर तल आउँदा तल्लो तटीय क्षेत्रमा ठूलो प्रभाव परेको हो । अहिलेको क्षतिको तथ्याङ्क हेर्‍यो भने अवस्था अत्यन्तै दर्दनाक छ । त्यसको कुनै पनि मूल्यमा अनुमान गर्न सकिँदैन ।

**जलवायु विज्ञ तथा अभियन्तामा नै यस विषयमा फरक मत देखिन्छ नि ?**

मिडियामा कहिलेकाहीँ केही विज्ञका फरकमत पनि देखिन्छन् । फरकमत हुनु एउटा कुरा हो तर अहिलेको घटनालाई नै लिएर फरकमत राख्नु अर्कै कुरा हो । त्यसैले यस विषयमा हामी अत्यन्त संवेदनशील हुनुपर्छ । यस घटनाले एउटा सन्देश दिनुपर्छ- हामी नेपाली जलवायु परिवर्तन र जलवायु जोखिमको उच्च जोखिममा छौं । यो जोखिम समाधान गर्न हामी एकमत हुनुपर्छ र हाम्रो आवाज अन्तरराष्ट्रियस्तरसम्म पुर्‍याउनुपर्छ । राजनीतिक नेतृत्व, नीतिनिर्माता, वैज्ञानिक, अनुसन्धानकर्ता, निजी क्षेत्र, नागरिक समाज, सञ्चारमाध्यमलगायत समाजका सबै अङ्गले 'यो घटना जलवायुजन्य हो, अब यसबाट बच्न कस्तो योजना बनाउने ?' भन्ने विषयमा एकमत भएर छलफल गर्नुपर्छ । यो हाम्रो बाँकी काम हो । तर घटनाको प्रकृतिका विषयमा भोटेकोशी बाढी जलवायुजन्य घटना हो कि होइन भन्नेमा कुनै दुविधा हुनुपर्ने म देख्दिनँ ।

**जलवायु परिवर्तनमा नेपालको योगदान नगण्य भए पनि यसको असरबाट नेपालले ठूलो जनधनको क्षति व्यहोर्नुपरेको छ । जलवायु न्यायका नाममा नेपालले अन्तरराष्ट्रिय समुदायसँग जलवायु वित्त, हानि-नोक्सानी सम्बोधन कोष र अन्य सहयोगका विषयमा कस्ता ठोस प्रतिबद्धता माग गर्नुपर्छ ?**

हामीले कहिलेकाहीँ जलवायु वित्त र जलवायु न्याय कति अलग र कति एउटै विषय हुन् भन्ने कुरा पनि बुझ्न जरुरी छ । धेरै साथीहरूले क्षतिपूर्तिको कुरा गर्नुभएको छ तर मेरो अनुरोध के हो भने सरकारी तथा सार्वजनिक निकायमा बसेका व्यक्तिहरूले जलवायु परिवर्तनसम्बन्धी महासन्धि, पेरिस सम्झौता, नेपाल सरकारका नीति तथा जलवायु सम्मेलन (कोप)का विभिन्न निर्णयलाई राम्रोसँग अध्ययन गरेर आफ्ना धारणा बनाउनुपर्छ । पेरिस सम्झौताले पृथ्वीको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने र त्यो सम्भव नभए पनि दुई डिग्रीभन्दा माथि जान नदिने लक्ष्य राखेको छ तर हामीले हिमालका लागि १.५ डिग्री सेल्सियसको सीमा यसअघि नै नाघिसकेको बताउँदै आएका छौं । यदि यो सीमा हिमालका लागि पहिले नै नाघिसकेको हो भने अवस्था झन् भयावह छ ।

नेपालको जलवायु जोखिम र जलवायु न्यायलाई जलवायु वित्तसँग जोडेर हेर्दा नेपालको हिमाल पग्लिनुमा तापक्रम वृद्धि नै प्रमुख कारण हो भन्नेमा दुईमत छैन । त्यसका लागि छुट्टै प्रमाण खोजिरहनु आवश्यक छैन । तर तापक्रम कसरी बढ्यो भन्ने प्रश्नमा धनी, विकसित तथा औद्योगिक राष्ट्रहरूको ऐतिहासिक भूमिका जोडिन्छ । इतिहासदेखि नै आफ्ना भौतिक विकासका पूर्वाधार अगाडि बढाउने क्रममा ती राष्ट्रबाट कार्बन उत्सर्जन भयो र त्यसबाट प्राप्त आर्थिक वृद्धिको लाभ पनि उनीहरूले लिए । अहिले त्यसको जलवायुजन्य जोखिम हामीमाथि थोपरिएको छ । त्यसैले जलवायु न्यायको हाम्रो आवाज प्रखर रूपमा उठेको हो । यद्यपि 'क्षतिपूर्ति' भन्ने शब्द जलवायु परिवर्तनसम्बन्धी महासन्धि र पेरिस सम्झौतामा स्पष्ट रूपमा उल्लेख भएको अवस्था छैन । तर 'हानि तथा नोक्सानी'का विषयमा व्यवस्था गरिएको छ । पेरिस सम्झौताको धारा ८ यसका लागि महत्त्वपूर्ण छ ।

त्यसैअन्तर्गत लामो छलफलपछि २७औं कोपमा 'हानि तथा नोक्सानी सम्बोधन कोष' स्थापना भयो र २८औं कोपदेखि कार्यान्वयनमा आयो । जलवायुजन्य जोखिमसँग जुध्न अनुकूलन क्षमता बढाउने तथा उत्सर्जन न्यूनीकरणका लागि हरित जलवायु कोष, विश्व वातावरण सुविधा, अनुकूलन कोषलगायत अन्य कोषले पनि काम गरिरहेका छन् । द्विपक्षीय तथा बहुपक्षीय अन्तरराष्ट्रिय सम्झौता र कोषहरूले पनि यस क्षेत्रमा सहयोग गर्दै आएका छन् । जहाँसम्म जलवायु न्यायको कुरा छ, नेपाललाई जलवायु न्याय आवश्यक छ र चाहिन्छ । तर जलवायु न्याय कसरी प्राप्त गर्ने भन्ने प्रश्न महत्त्वपूर्ण छ । पेरिस सम्झौताको धारा ९ मा जलवायुजन्य जोखिम न्यूनीकरण, नियन्त्रण, व्यवस्थापन तथा सम्बोधनका लागि आर्थिक स्रोत आवश्यक पर्ने र त्यसलाई जलवायु वित्त भनिने उल्लेख छ । जलवायु वित्तमा विकसित देशहरूले नेतृत्वदायी भूमिका खेल्नुपर्ने र सहयोग गर्नुपर्ने व्यवस्था छ ।

भोटेकोशीमा भएको ठूलो घटना, त्यसबाट भएको धनजनको क्षति र हामीले गुमाएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको सङ्ख्या हेर्दा अवस्था अत्यन्त पीडादायी छ । अझै पनि ठूलो सङ्ख्यामा मानिस कहाँ छन्, फर्केर आउँछन् कि आउँदैनन् भन्ने अज्ञात अवस्था छ । यस्तो स्थितिमा हामीले संयमित भएर भन्नुपर्छ- कार्बन उत्सर्जनमा हाम्रो भूमिका नगण्य हुँदाहुँदै पनि आज हामीले जुन जोखिम व्यहोरेका छौं, त्यसप्रति धनी, औद्योगिक तथा विकसित राष्ट्रहरू संवेदनशील हुनुपर्छ र नेपाललाई यो भयावह अवस्थाबाट बाहिर ल्याउन सहयोग गर्नुपर्छसस् ।

पेरिस सम्झौताको धारा ९ को उपधारा ९.२ मा पनि आर्थिक रूपमा अगाडि बढेका राष्ट्रहरूले सहयोग गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ । आउँदा दिनमा जलवायु परिवर्तनमा कसले कति भूमिका खेल्यो भन्ने विषयमा हेर्दा विकसित राष्ट्रहरूको आर्थिक तथा औद्योगिक विकासका कारण जलवायुजन्य जोखिम बढेको कुरामा विवाद छैन । उनीहरूले पनि यो कुरा स्वीकार गरेका छन् । अहिले नेपालको समस्या समाधान गर्न धनी राष्ट्रहरूले नेतृत्वदायी र जवाफदेही भूमिका खेल्नेछन् भन्ने हाम्रो विश्वास छ । यसैकारण नेपाल सरकारका कृषि, वन तथा वातावरणमन्त्री र अर्थमन्त्रीले संयुक्त रूपमा हस्ताक्षर गरेको अनुरोधपत्र हानि तथा नोक्सानी सम्बोधन कोषमा बुझाइएको अवस्था छ ।

त्यसैगरी अन्य द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार र विभिन्न देशसँग पनि अनुरोध गरेर

*बाँकी तीन पृष्ठमा*

*'भोटेकोशी बाढी ...*

तथा कतिपयले आफैं बुझेर सहयोग गरेका छन् । दुःखमा परेको बेलामा सबैले सहयोग गर्ने यो एउटा अवसर पनि हो तर अब हामीले खेल्नुपर्ने भूमिका के हो भने आगामी दिनमा यस्ता घटना नघटून् । जलवायुजन्य जोखिमका कारण कसैले अकालमा ज्यान गुमाउन नपरोस्, धनसम्पत्तिको क्षति नहोस् र हामी सबै जलवायु जोखिमबाट सुरक्षित भएर उत्थानशील, स्वस्थ, सम्पन्न र समृद्ध समाज निर्माण गर्न सकौं । त्यसका लागि काम गर्नुपर्छ ।

**भोटेकोशी बाढीपछि हामीले जलवायु परिवर्तन र धनी मुलुकको ऐतिहासिक कार्बन उत्सर्जनलाई मुख्य कारणका रूपमा उठाइरहेका छौं । जलवायु परिवर्तनका कारण बढ्दो जोखिमसँगै नेपालले आफ्नै तहमा निर्वाह गर्नुपर्ने दायित्व र सुधार गर्नुपर्ने पक्षहरू पनि होला नि ?**

धनी देशहरूको सन्दर्भमा मैले भनिसकें- पृथ्वीको सतहको तापक्रम बढाउन धनी राष्ट्रहरूको भूमिका छ भन्नेमा दुईमत छैन । त्यसकै कारण हामी पीडित भएको कुरामा पनि दुईमत छैन । त्यसैले हामीलाई जलवायु न्याय चाहिन्छ । तर जलवायु न्याय माग्ने सन्दर्भमा नागरिक समाज र सार्वजनिक पदमा बसेका व्यक्तिहरूको भूमिका तथा बोल्ने तरिका फरक हुन्छ । सार्वजनिक पदमा बसेकाहरूले कूटनीतिक माध्यमबाट पहल गर्नुपर्छ । नागरिक समाजमा रहेका साथीहरूले प्रयोग गर्ने शब्द स्वाभाविक रूपमा केही कडा हुन सक्छन् । उनीहरूले आक्रामक शैली अपनाएर मानिसलाई भावनात्मक रूपमा जोड्ने प्रयास पनि गर्न सक्छन् । त्यसलाई अन्यथा लिनु हुँदैन । तर यसको अर्थ नागरिक समाजले सरकारको धारणाभन्दा बाहिर गएर बोल्नु हुँदैन भन्ने पनि होइन । फेरि हामीले अत्यधिक क्षतिपूर्तिको कुरा गर्दा वा अत्यधिक दोषारोपण गर्दा विकसित देशहरूले खेल्नुपर्ने नेतृत्वदायी भूमिका र आफ्नो दायित्वबाट विमुख हुने अवस्था आउन सक्छ । त्यसैले उनीहरूलाई अनावश्यक रूपमा उत्तेजित पार्ने कामप्रति पनि सचेत हुनुपर्छ ।

पेरिस सम्झौतामा 'साझा तर फरक जिम्मेवारी तथा आ-आफ्नो क्षमता' भन्ने सिद्धान्त राखिनुको कारण पनि यही हो । जलवायु जोखिम र जलवायु परिवर्तनका प्रभाव साझा छन्, तर त्यसको मात्रा र विस्तार फरक छ । त्यसैले साझा समस्या समाधान गर्न सामूहिक प्रयास आवश्यक छ । सामूहिक प्रयास सबैले चाहे पनि समान रूपमा गर्न सक्दैनन् । त्यसमा धनी राष्ट्रहरूको भूमिका बढी महत्त्वपूर्ण हुन्छ । यही आशयका साथ पेरिस सम्झौता बनेको हो । त्यसैले आर्थिक रूपमा सम्पन्न धनी तथा औद्योगिक राष्ट्रहरूले यस्ता घटनामा नेतृत्वदायी भूमिका खेल्नुपर्छ । यो आवाज हामी आगामी अन्तरराष्ट्रिय मञ्चहरूमा उठाउँछौं । मुख्य रूपमा संयुक्त राष्ट्रसङ्घको साधारण महासभा र आउँदै गरेको ३१औं कोप जलवायु सम्मेलनमा यो विषय राख्छौं ।

**गत साता टिमोर-लेस्टेको राजधानी डिलीमा अतिकम् विकसित देशका ४४ राष्ट्रका मन्त्री तथा प्रतिनिधिको बैठक सम्पन्न भयो । उक्त बैठकले भोटेकोशी बाढीलाई कसरी सम्बोधन गर्‍यो ?**

गत साता टिमोर-लेस्टेको राजधानी डिलीमा अतिकम विकसित देशका ४४ राष्ट्रका मन्त्री तथा प्रतिनिधि भेला हुनुभएको थियो । त्यहाँ नेपालको घटनालाई पहिलो प्राथमिकताका साथ सम्बोधन गरिएको छ । नेपालको समस्यालाई बुझ्नुपर्छ र आगामी कोपमा यस विषयमा छलफल हुनुपर्छ भन्ने विषयमा एकमतले छलफल भएको छ । अब विस्तारै हामीले थप पहल गर्दै जाँदा आगामी कोपमा नेपालको घटनाका विषयमा बृहत्तर छलफल हुने अपेक्षा छ । नेपाल सरकारले पनि त्यसका लागि तयारी सुरु गरिसकेको छ । हामी त्यसमा चनाखो छौं र आगामी दिनमा यो आवाज प्रखर रूपमा उठाउँछौं ।

**यही सेप्टेम्बर ८ देखि सेप्टेम्बर २८ सम्मसंयुक्त राष्ट्रसङ्घको मुख्यालयमा ८१औं महासभा हुँदैछ । त्यसमा जलवायु न्यायको आवाजलाई बुलन्द बनाउन र मुद्दालाई अझ पेचिलो बनाउन नेपालले के तयारी गरिरहेको छ ?**

संयुक्त राष्ट्रसङ्घको साधारण महासभामा बैठक तथा सभा-सम्मेलन हुँदा परराष्ट्र मन्त्रालयले तयारी गर्ने गर्छ । यस विषयमा पनि परराष्ट्र मन्त्रालयले आन्तरिक तयारी सुरु गरिसकेको छ । हामीले प्राविधिक रूपमा कसरी सहयोग गर्न सक्छौं भन्ने विषयमा परराष्ट्र मन्त्रालयसँग छलफल भइरहेको छ । यस क्रममा हामीले एउटा उच्चस्तरीय 'साइड इभेन्ट'को प्रस्ताव पनि गरेका छौं । त्यसमा वक्ताहरू बोलाउने, कुन-कुन देशलाई सहभागी गराउने र छलफलका विषयलगायतका विषयमा काम भइरहेको छ । हामीले अवधारणापत्र तयार गरेर संयुक्त राष्ट्रसङ्घस्थित नेपालको स्थायी नियोगमा पेस गरिसकेका छौं । त्यहाँमा हामीसँग समन्वय गरिरहनुभएको छ ।

**जलवायुजन्य हानि तथा नोक्सानीको दृष्टिले भोटेकोशी बाढीलाई ज्वलन्त उदाहरणका रूपमा प्रस्तुत गर्दै नेपालले हानि तथा नोक्सानी सम्बोधन कोषबाट वित्तीय सहायता प्राप्त गर्ने आधार कत्तिको बलियो छ ?**

यस्तै जलवायुजन्य घटनाहरू हुन्छन् र प्रभावित समुदायलाई सम्बोधन गर्नुपर्छ भनेर नै हानि तथा नोक्सानी सम्बोधन कोष स्थापना भएको हो । अहिले उक्त कोषमा धेरै पैसा जम्मा भइसकेको अवस्था छैन । जे जति पैसा आएको छ, त्यसलाई पनि वितरण गरौं भनेर गएको कोप ३० मा विकासशील तथा जलवायु जोखिममा रहेका मुलुकलाई जलवायु परिवर्तनका कारण हुने हानि तथा नोक्सानीका लागि वित्तीय स्रोतमा पहुँच सहज बनाउने उद्देश्यले अघि सारिएको अन्तरराष्ट्रिय कार्यान्वयन ढाँचा 'बार्वाडोस कार्यान्वयन विधि' घोषणा गरिएको थियो । त्यसअन्तर्गत विभिन्न प्रस्ताव माग गरेर २५० मिलियन अमेरिकी डलर उपलब्ध गराउने र त्यसका लागि छ महिनाको अवधि तोकिएको थियो । नेपालले पनि तीनवटा प्रस्ताव पेस गरेको थियो । अहिले ती प्रस्तावहरूको मूल्याङ्कन भइरहेको छ ।

भोटेकोशीले यस्ता सहयोग प्राप्त गर्नुपर्ने अवस्था छ । नेपालले पत्र पठाइसकेपछि यस विषयमा गम्भीर छलफल पनि भएको छ तर स्पष्ट कार्यविधि नभएकाले कसरी अगाडि बढ्ने भन्ने विषयमा बोर्डमा आन्तरिक छलफल सुरु भएको छ । पटकपटक यस विषयमा 'भर्चुअल' बैठक भएका छन् । यो संवेदनशील घटना हो र हामी संवेदनशील हुनुपर्छ भन्ने कुरामा उहाँहरू स्पष्ट हुनुहुन्छ तर कार्यविधिको अभावमा यसलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा केही बाटो खुलाउनुपर्ने अवस्था छ । कोषको दशौं बोर्ड बैठक पनि आह्वान भइसकेको छ । त्यसबीचमा थप विशेष बोर्ड बैठक राख्न सकिन्छ कि भन्ने विषयमा पनि छलफल भएको छ तर त्यसबारे आधिकारिक निर्णय आइसकेको छैन । यस्ता घटना घट्छन् र तिनलाई तत्काल सम्बोधन गर्न सकियोस् भनेर नै यो कोष स्थापना गरिएको हो ।

**अहिले 'भोटेकोशी बाढीका कारण नेपाललाई पुनर्निर्माणमा जति खर्च लाग्छ, त्यति नै रकम जलवायु हानि तथा नोक्सानी कोषबाट पाउनुपर्छ' भन्ने बुझाइ व्यापक छ । भोटेकोशी बाढीको सन्दर्भमा नेपालले वास्तवमा कति दाबी गर्न सक्छ ?**

अन्तरराष्ट्रिय रूपमा स्थापना भएका कोषबाट अनुकूलनका लागि होस्, उत्सर्जन न्यूनीकरणका लागि होस् अथवा हानि तथा नोक्सानी सम्बोधनका लागि होस्, निश्चित विधि र प्रक्रिया हुन्छन् । त्यही विधि र प्रक्रियाअनुसार रकम जाने गर्छ । अहिलेको घटना नयाँ भएकाले हामीले अनुरोध गरेका छौं, तर यस्तो घटनालाई सम्बोधन गर्ने स्पष्ट कार्यविधि छैन । त्यसैले हामीले कार्यविधि छिटो बनाएर भए पनि नेपालको घटनालाई सम्बोधन गर्न सकिन्छ भने त्यसतर्फ अघि बढौं भनेर अनुरोध गरेका छौं । यसले केही न केही सकारात्मक परिणाम ल्याउँछ भन्ने विश्वास छ । यो घटनाबाट एउटा नजिर स्थापना गर्न सकियो भने भविष्यमा आउने यस्ता घटनालाई पनि सम्बोधन गर्न सहज हुनेछ ।

एउटा कुरा बुझ्न जरुरी छ- हानि तथा नोक्सानी सम्बोधन कोषको बोर्डले अहिले नेपालमा घटना भएकाले नेपाललाई सम्बोधन गर्ने अवस्था आएको हो तर भोलि यस्तै घटना विश्वको जुनसुकै देश वा समुदायमा पनि हुन सक्छ । भविष्यमा जहाँ यस्तो घटना हुन्छ, त्यहाँ पनि कोष ठूलो समस्या हेरेर मात्र बस्ने अवस्थामा नहोस्, आफ्नो जिम्मेवारी पूरा गर्न तयार रहोस् भन्ने हाम्रो चाहना हो । हामीले त्यही हिसाबमा समन्वय र सहकार्य गरिरहेका छौं ।

**आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीएको अन्ताल्यामा हुने राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन ( कोप-३१) विगतका जलवायु प्रतिबद्धतालाई कार्यान्वयनमा लैजाने सम्मेलनका रूपमा पनि हेरिएको छ । भोटेकोशी बाढीपछि नेपालले अन्तरराष्ट्रिय समुदायबाट कस्ता ठोस प्रतिबद्धता र निर्णयको अपेक्षा गरेको छ ? नेपालले आफ्ना मुद्दालाई अन्तरराष्ट्रिय वार्तामा प्रभावकारी रूपमा स्थापित गर्न के रणनीति अपनाउँदैछ ?**

३१औं कोप टर्कीए र अस्ट्रेलियाले संयुक्त रूपमा आयोजना गर्दैछन् । अहिले हामीले अपेक्षा गरेका मुख्य विषय केही छन् । सबैभन्दा पहिलो, हानि तथा नोक्सानी कोषमा रहेको रकमको दायरा बढाउनुपर्छ । अहिले कोषमा रहेको रकम अत्यन्तै न्यून छ । त्यसलाई बढाएर कम्तीमा पनि अर्बौं डलरको कोष बनाउनुपर्छ । उक्त कोषबाट प्राप्त हुने रकम नेपालजस्ता उच्च जोखिममा रहेका, पर्वतीय क्षेत्र भएका र कम विकसित देशले सोझै अनुदानका रूपमा पाउनुपर्छ । त्यो ऋणका रूपमा हुनुहुँदैन । यो हाम्रो पहिलो माग हो । दोस्रो, पर्वतीय मुद्दालाई अन्तरराष्ट्रियस्तरमा छुट्टै र प्राथमिकताका साथ स्थापित गर्नुपर्छ । तापक्रम वृद्धिका कारण हिमालमा परेको असरले तल्लोतटीय क्षेत्रमा बस्ने करोडौं मानिसको जीवन र जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पारेको छ । त्यसैले यो विषय कोपको मुख्य निर्णयमा समावेश गरिनुपर्छ । तेस्रो, जलवायु वित्तमा सहज र द्रुत पहुँच हुनुपर्छ । अहिले एउटा प्रस्ताव स्वीकृत गराउन दुई-तीन वर्ष लाग्ने जटिल प्रक्रिया छ । त्यसलाई छोट्याएर तत्काल विपद् पर्दा सोझै र छिटो वित्तीय स्रोत प्राप्त गर्न सकिने व्यवस्था हुनुपर्छ । यी विषयमा हामीले तयारी सुरु गरिसकेका छौं । हाम्रा मन्त्रालयले विभिन्न विषयगत समूह गठन गरेर स्थितिपत्र तयार गरिरहेका छ । वैज्ञानिक, अनुसन्धानकर्ता, नागरिक समाज र सञ्चारमाध्यम सबैको साथ र सहयोग लिएर सशक्त र एकमत आवाज निर्माण गर्ने हाम्रो तयारी छ ।

**अन्त्यमा, भोटेकोशी विपद्जस्ता आगामी दिनमा आउनसक्ने सम्भावित जोखिमबाट बच्न र तल्लो तटीय क्षेत्रका नागरिकलाई सुरक्षित राख्न सरकारले तत्काल गर्नुपर्ने कदम के-के हुन् ?**

अन्तरराष्ट्रिय मञ्चमा आवाज उठाउने र जलवायु न्याय माग्ने विषय आफ्नो ठाउँमा छ तर हाम्रो आफ्नै घरभित्र गर्नुपर्ने धेरै काम बाँकी छन् । पहिलो, पूर्वसूचना प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउनुपर्छ । माथिल्लो तटीय क्षेत्रमा वा सीमापारि चीनतर्फ कुनै घटना घट्नेबित्तिकै त्यसको सूचना केही मिनेटमै तल्लो तटीय क्षेत्रका बस्तीमा पुग्ने प्रविधि र संयन्त्र विकास गर्नुपर्छ । दोस्रो, एकीकृत जलाधार व्यवस्थापन र जोखिम नक्साङ्कन गरेर नदीकिनारका अति जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने वा सुरक्षित बनाउने योजना लागू गर्नुपर्छ । तेस्रो, पूर्वाधार निर्माण गर्दा- चाहे सडक होस्, जलविद्युत् आयोजना होस् वा पुल-जलवायु अनुकूलन र जोखिम मूल्याङ्कन गरेर मात्र निर्माण गर्ने नीति कडाइका साथ पालना गर्नुपर्छ । विपद् आउँदा पहिलो उद्धारकर्ता स्थानीय समुदाय नै भएकाले स्थानीय तह र समुदायको क्षमता अभिवृद्धि गर्नुपर्छ । उनीहरूलाई पूर्वतयारी, खोज तथा उद्धार र पूर्वसूचनासम्बन्धी तालिम तथा आवश्यक स्रोतसाधनले सम्पन्न बनाउन सक्यौं भने ठूलो मात्रामा धनजनको क्षति हुनबाट जोगाउन सकिन्छ । त्यसैले अहिले हामी गम्भीर भएर योजनाबद्ध रूपमा अगाडि बढ्नुको विकल्प छैन ।

# विश्व समाचार

## हिमनदीको जोखिममा भुटानको निगरानी

वाङ्डु फोद्राङ (भुटान), २४ भदौ (रासस/एएफपी) ।

जलवायु परिवर्तनका कारण तीव्र गतिमा पग्लिरहेका हिमनदी र विस्तार भइरहेका हिमनदी तालबाट आउनसक्ने बाढीको जोखिम घटाउन भुटानले चौबीसै घण्टा निगरानी र पूर्वसूचना प्रणाली सञ्चालन गरिरहेको छ । राजधानी थिम्पूबाट केही घन्टाको दूरीमा रहेको कन्ट्रोल रुममा खटिएको टोलीले हिमनदी ताल तथा नदीको पानीको सतहमा हुने परिवर्तन निरन्तर निगरानी गर्छ ।

भुटानको उत्तरी हिमाली क्षेत्रमा ६०० भन्दा बढी हिमनदी छन् । हिमनदी पग्लिँदा कमजोर भग्नावशेष बाँधले थामेका ताल विस्तार हुने र बाँध भत्किए ठूलो बाढी आउनसक्ने जोखिम छ । सन् १९९४ मा यस्तै हिमनदी ताल विस्फोटजन्य बाढी (जीएलओएफ) मा पुनात्साङछु नदी किनारमा २१ जनाको मृत्यु भएको थियो ।

वाङ्डु फोद्राङ क्षेत्रको जीएलओएफ आपत्कालीन चेतावनी केन्द्रकी कनिष्ठ इन्जिनियर डेचेन पेल्डनका अनुसार जलवायु परिवर्तनका कारण थोर्थोमी हिमनदी पूर्ण रूपमा हिमनदी तालमा परिणत भएको छ । "अब हामी अझ बढी सतर्क र बढी चिन्तित हुनुपर्छ", उहाँले भन्नुभयो ।

सन् २०११ देखि सञ्चालनमा रहेको चेतावनी केन्द्रले सेन्सरमार्फत हिमनदी ताल र तल्लो क्षेत्रका नदीको पानीको सतह निगरानी गर्छ । असामान्य परिवर्तन देखिए साइरन स्वतः बज्ने र आवश्यक परे नियन्त्रण कक्षबाट तल्लो क्षेत्रका साइरनसमेत सञ्चालन गर्ने व्यवस्था छ ।

भुटानमा रहेका ६०० भन्दा बढी हिमनदी तालमध्ये १७ वटा सम्भावित खतरनाक मानिएका छन् । पुनात्साङछु नदीको मुहानतर्फ रहेका चारवटा तालमध्ये दुईवटा कमजोर भग्नावशेष बाँधले छुट्याएका छन् । ती बाँध भत्किए सबैभन्दा खराब अवस्थामा करिब पाँच करोड ३० लाख घनमिटर पानी तलतिर बग्नसक्ने अनुमान छ ।

जोखिम न्यूनीकरणका लागि भुटानले थोर्थोमी हिमनदी तालको पानीको सतह घटाउने काम पनि गर्दै आएको छ । सन् २००८ मा सुरु गरिएको परियोजनाले नहर निर्माण तथा विस्तार गरी तालको सतह करिब पाँच मिटर घटाएको थियो । तर हिमनदी निरन्तर पग्लिँदा ताल पुनः भरिएको छ र पानी बाहिर निकाल्ने प्रयास भइरहेको छ ।

भुटानका प्रमुख हिमनदीविद् कर्माका अनुसार देशका ठूला हिमनदी हरेक वर्ष ३० देखि ३५ मिटर र साना हिमनदी १२ देखि १६ मिटरसम्म पछाडि हटिरहेका छन् । उहाँले विगतमा हिमनदीमा सहजै चढ्न सकिने भए पनि अहिले अवस्था निकै बदलिएको बताउनुभयो ।

भुटानले उत्सर्जन गर्नेभन्दा धेरै कार्बन अवशोषण गरे पनि जलवायु परिवर्तनको असर तीव्र रूपमा भोगिरहेको भन्दै कर्माले विश्व समुदायलाई जिम्मेवारी लिन आग्रह गर्नुभयो । "भुटानका समुदायमा आइपरेको डर र जोखिम हाम्रो गल्ती होइन", उहाँले भन्नुभयो ।

## भारी वर्षाले एसियाली खेलकुद प्रभावित

टोकियो, २४ भदौ (रासस/एएफपी) ।

जापानको नागोयामा भएको रेकर्ड भारी वर्षाका कारण एसियाली खेलकुदमा सहभागी सयौं खेलाडीलाई बुधबार केही समयका लागि आफ्नो आवासबाट सुरक्षित स्थानमा सारिएको छ । आगामी दिनमा पनि वर्षा जारी रहने पूर्वानुमानबीच केही खेलस्थलमा पानी चुहिएको विवरण सार्वजनिक भएका छन् ।

मङ्गलबार नागोयामा एक घन्टामै करिब १०४ मिलिमिटर वर्षा भएपछि नगर अधिकारीहरूले सहरका केही क्षेत्रमा मानिसलाई सुरक्षित स्थानमा जान आदेश दिएका थिए । नागोया पोर्ट अथोरिटीका एक अधिकारीका अनुसार गार्डेन पियर क्षेत्रमा काठका अस्थायी कन्टेनरमा बसिरहेका सयौं खेलाडीलाई पनि सुरक्षित स्थानमा सारिएको थियो । करिब दुई घन्टापछि आदेश हटाइएपछि खेलाडीहरू आफ्नो आवासमा फर्किएका थिए ।

यस वर्षको एसियाली खेलकुदमा छुट्टै खेलाडी गाउँ निर्माण गरिएको छैन । आयोजकले खेलाडीको आवासका लागि क्रुज जहाज, अस्थायी काठका कन्टेनर र होटलको व्यवस्था गरेका छन् । वर्षाका कारण विभिन्न खेलस्थलमा पानी चुहिएको रिपोर्ट आए पनि तत्काल क्षतिको पूर्ण विवरण भने सहरका अधिकारी र खेल आयोजकले सार्वजनिक गरेका छैनन् ।

एसियाली खेलकुदको औपचारिक उद्घाटन सेप्टेम्बर १९ मा हुने भए पनि केही खेल यसअघि नै सुरु हुँदैछन् । बास्केटबल प्रतियोगिता बिहीबारदेखि सुरु हुने कार्यक्रम छ । प्रतियोगितामा १७ हजारभन्दा बढी खेलाडी तथा अधिकारी सहभागी हुने अपेक्षा गरिएको छ । यो सङ्ख्या ओलम्पिकमा सहभागी हुनेभन्दा पनि बढी हो । भारी वर्षाका कारण मङ्गलबार नागोयाका सबवे र बस सेवा केही समय रोकिएका थिए । जापान मौसम विज्ञान एजेन्सीले क्षेत्रका प्रमुख नदीमा उच्चतम तहको बाढी चेतावनी जारी गरेको थियो ।

नागोया नगरले अचानक भएको भारी वर्षाका कारण वर्षाजन्य गम्भीर विपद्को जोखिम बढेको भन्दै तल्लो क्षेत्रमा बाढी, नदीको बढ्दो पानीको सतह र अन्डरपासमा पानी जम्ने सम्भावनाप्रति सावधानी अपनाउन आग्रह गरेको छ ।

वैज्ञानिकहरूका अनुसार मानव गतिविधिबाट बढेको जलवायु परिवर्तनले जापानलगायत विश्वका विभिन्न क्षेत्रमा अत्यधिक वर्षा तथा अन्य चरम मौसमी घटनाको आवृत्ति र तीव्रता बढाइरहेको छ । नागोयामा खेलकुदको ठूलो अन्तर्राष्ट्रिय जमघट सुरु हुनुअघि आएको भारी वर्षाले प्रतियोगिताको तयारीसँगै सहभागीको सुरक्षामाथि पनि थप चुनौती खडा गरेको छ ।

# आयल निगमले आफ्नै मातहतमा ग्यास उद्योग खोल्नु आवश्यक छ : उद्योगमन्त्री

काठमाडौँ, २४ भदौ (रासस) ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले ग्यास आपूर्तिमा देखिएको समस्याको दीर्घकालीन समाधानका लागि नेपाल आयल निगमले आफ्नै मातहतमा ग्यास उद्योग खोल्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बुधबारको बैठकमा उहाँले निगमले पटक-पटक पत्राचार गरे पनि ग्यास उद्योगबाट आवश्यक सहयोग नपाएको गुनासो गर्दै आपूर्ति सहज बनाउन समितिले आवश्यक निर्देशन दिनसमेत आग्रह गर्नुभयो ।

"हाम्रो देशमा बढीमा दुईवटा ग्यास उद्योग चाहिएको छ । सबै खारेज गर्नुपर्छ," उहाँले भन्नुभयो, "आयल निगमले आफ्नो मातहतमा एउटा ग्यास उद्योग खोल्नैपर्छ ।" नेपालमा ५८ वटा ग्यास उद्योग रहे पनि तीमध्ये एउटा पनि निगमको मातहतमा नरहेको र उद्योगीहरूलाई आपूर्ति सहज बनाउन पटक-पटक आग्रह गरे पनि त्यसबाट अपेक्षित परिणाम नआएको उहाँको भनाइ थियो ।

"५८ वटा ग्यास उद्योगले तीन-तीन हजारका दरले हरेक दिन काठमाडौँमा सिलिन्डर पठाइदिएको भए आज यो स्थिति आउने थिएन", उहाँले भन्नुभयो, "तर कसैले पठाइदिँदैन । हिजो पनि ४८ हजार सिलिन्डर काठमाडौँको लागि त्यहाँबाट हिँडेको छ । तर १९ हजारभन्दा बढी गएको छैन । कहाँ गयो त्यो सिलिन्डर ? कसैलाई केहि थाहा छैन । माग्यो भने दिँदैन ।" उहाँले तेल, ग्यास, लुगा, खाद्यान्न र चिनी गरी पाँच वस्तुमा नेपाल आत्मनिर्भर हुनैपर्ने धारणा राख्नुभयो ।

मन्त्री कुमारीले ग्यास उद्योगसम्बन्धी कानुन निर्माण तथा संशोधनमा कर्मचारीतन्त्रबाट सहयोग नपाएको गुनासोसमेत गर्नुभयो । उहाँले उद्योगीहरूको हितअनुकूल बनेका नियम तथा कानुन परिवर्तन गर्न खोज्दा कर्मचारीबाट 'मिल्दैन' भन्ने जवाफ आउने गरेको बताउनुभयो ।

उहाँले उद्योग खोल्ने वातावरण बनाउन कच्चा पदार्थको भन्सार छुटलगायत विषयमा सुधार आवश्यक रहेको बताउनुभयो । तयारी वस्तु आयात सस्तो हुने तर कच्चा पदार्थ ल्याएर नेपालमा उत्पादन गर्दा महँगो पर्ने अवस्थाले उद्योगधन्दा खोल्ने वातावरण नबनेको उहाँको भनाइ थियो । उहाँले नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गरी आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउन तथा कालोबजारी र मूल्यवृद्धि नियन्त्रणका लागि बजार अनुगमन तीव्र पारिएको जानकारी समितिलाई दिनुभयो ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका ४४ जिल्लाका १९३ स्थानबाट नेपाल फुड्स ब्रान्डको खाद्यान्न बिक्री मूल्यमा प्रतिकिलो रु पाँच छुट दिने घोषणा गरिएको बताउनुभयो ।

चिनीको अभाव हुन नदिन साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत २२ हजार ५०० मेट्रिक टन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत दुई हजार ५०० मेट्रिक टन गरी कूल २५ हजार मेट्रिक टन चिनी आगामी असोज २० गतेसम्म एक प्रतिशत भन्सार महसुलमा आयात गर्ने स्वीकृति मन्त्रिपरिषद्बाट प्राप्त भएको पनि उहाँले स्मरण गराउनुभयो ।

उहाँका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट चिनी प्रतिकिलो १०९ रूपैयाँ र साल्ट ट्रेडिङबाट रु १०५ सम्ममा बिक्री भइरहेको छ । बजारमा चिनीको मूल्य रु १५० भन्दा कम नरहेको उल्लेख गर्दै उहाँले तोकिएको मूल्यभन्दा बढीमा बिक्री भए कारबाही हुने बताउनुभयो ।

यस्तै, समितिका सभापति रहबर अन्सारीले चिनीको मूल्य बढेको भन्दै मन्त्रालयसँग प्रश्न गर्नुभयो । उहाँले समयमै थाइल्याण्ड, ब्राजिललगायत मुलुकबाट ५०-६० हजार मेट्रिक टन चिनी आयात गरिएको भए अहिलेको अवस्था नआउने बताउनुभयो ।

सभापति अन्सारीले सरकारी निकायले सफ्टवेयर खरिद गर्दा अनावश्यक रूपमा महँगो मूल्य तिर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय र राष्ट्रिय कार्यालयसँग जोडिएको अध्यागमनको सफ्टवेयर कति लागतमा निर्माण भएको हो भन्नेबारे अध्ययन गर्नसमेत आग्रह गर्नुभयो ।

उपभोक्ता हित, कार्टेलिङ र कालोबजारी नियन्त्रणका लागि पर्याप्त कानुन नभए नयाँ कानुन निर्माण गर्न तथा आवश्यक कानुन संशोधन गर्न उहाँले मन्त्रालयलाई आग्रह गर्नुभयो । सभापति अन्सारीले ग्यासको अनुगमन र कारबाही गर्दा वास्तविक अवस्था बुझेर मात्र 'एक्सन' लिनुपर्नेमा समेत ध्यानाकर्षण गराउनुभयो ।

# मधेसमा ५९१ किमी सडक विस्तार तथा निर्माण

जनकपुरधाम, २४ भदौ (रासस) ।

मधेस प्रदेश सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा प्रदेशका आठवटै जिल्लामा ५९१.१८ किलोमिटर सडक विस्तार तथा निर्माण गरेको छ ।

प्रदेशका ग्रामीण बस्ती, बजार क्षेत्र तथा मुख्य सडक सञ्जाललाई आपसमा जोड्ने उद्देश्यले सरकारले सडक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर काम अघि बढाएको हो ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी रोहित जोशीका अनुसार पूर्वाधार विकास कार्यालयमार्फत गत आवमा प्रदेशभर ५९१.१८ किलोमिटर सडक निर्माण तथा विस्तार भएको हो । निर्माण भएका सडकमा ढलान, ग्राभेल तथा कालोपत्र सडकसमेत रहेका छन् ।

उहाँका अनुसार सो अवधिमा प्रदेशका विभिन्न जिल्लामा २२७.०६ किलोमिटर ढलान सडक निर्माण गरिएको छ । त्यसैगरी, ३३६.६८ किलोमिटर सडक ग्राभेल गरिएको छ भने २७.४४ किलोमिटर कच्ची सडक निर्माण गरिएको छ ।

सडक निर्माणसँगै सडकको दुवैतर्फ आवश्यक पूर्वाधार विकासमा समेत सरकारले ध्यान दिएको जनाएको छ । सो अवधिमा ६१.१० किलोमिटर पक्की नाला निर्माण गरिएको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार सडक निर्माणका क्रममा पानीको निकास तथा वर्षायाममा सडकमा हुने क्षति न्यूनीकरणका लागि नाला निर्माणलाई पनि प्राथमिकतामा राखिएको हो ।

प्रदेश सरकारले सडक पूर्वाधारसँगै साना तथा मझौला पुल निर्माणलाई समेत तीव्रता दिएको छ । गत आवमा प्रदेशका विभिन्न जिल्लामा १३८ वटा कल्भर्ट,१८४ वटा ह्युमपाइप तथा तीनवटा पुल निर्माण गरी सञ्चालनमा ल्याएको मन्त्रालयले जनाएको छ ।

सडक, कल्भर्ट, ह्युमपाइप तथा पुल निर्माण भएपछि ग्रामीण क्षेत्रबाट बजार तथा सदरमुकामसम्मको आवागमन सहज भएको मन्त्रालयको भनाइ छ । वर्षायाममा पानी जम्ने तथा खोल्सा र खहरेका कारण अवरुद्ध हुने ग्रामीण सडकमा पनि आवश्यक संरचना निर्माण भएपछि यातायात सञ्चालनमा सहजता आएको जनाइएको छ ।

सूचना अधिकारी जोशीका अनुसार सडक निर्माण तथा विस्तारले विशेषगरी ग्रामीण क्षेत्रका बासिन्दालाई प्रत्यक्ष लाभ पुगेको छ । सडकको पहुँच विस्तार भएपछि कृषि उपज बजारसम्म पुर्‍याउन, विद्यालय तथा स्वास्थ्य संस्थामा आवतजावत गर्न र दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न सहज भएको छ ।

"सडक निर्माणसँगै यातायातका साधन सञ्चालनमा सहजता आएको छ । ग्रामीण क्षेत्रका बासिन्दाले वर्षायाममा समेत आवतजावतमा पहिलेको जस्तो समस्या भोग्नुपरेको छैन", उहाँले भन्नुभयो ।

प्रदेश सरकारले सडक निर्माणलाई केवल यातायातको सुविधा विस्तारका रूपमा मात्र नभई प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकाससँग जोडेर अघि बढाएको मन्त्रालयका प्रवक्ता प्रवीणप्रताप अधिकारीले बताउनुभयो । ग्रामीण बस्तीलाई बजार क्षेत्रसँग जोड्ने, कृषि उत्पादनलाई सहज रूपमा बजारसम्म पुर्‍याउने तथा उद्योग, व्यापार र पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यले सडक सञ्जाल विस्तारलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ ।

"हामीले गाउँ र सहरलाई जोड्ने सडक तथा पुल निर्माणलाई तीव्रता दिएका छौँ", उहाँले भन्नुभयो, "सडक र पुल निर्माणमा भएको प्रगतिसँगै यातायातका साधन सञ्चालनमा सहज भएको छ । यसबाट सर्वसाधारणको दैनिक जीवनयापन सहज हुनुका साथै आर्थिक गतिविधि विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरेका छौँ ।" प्रवक्ता अधिकारीले प्रदेशका सबै स्थानीय तह तथा ग्रामीण बस्तीलाई भरपर्दो सडक सञ्जालमा जोड्ने लक्ष्यका साथ आगामी दिनमा पनि पूर्वाधार निर्माणलाई निरन्तरता दिइने बताउनुभयो ।

उहाँका अनुसार प्रदेश सरकारले सडक पूर्वाधार निर्माण गर्दा प्राथमिकताका आधारमा मुख्य सडक, ग्रामीण सडक, कृषि सडक तथा स्थानीय तहका केन्द्र जोड्ने सडकलाई क्रमशः स्तरोन्नति गर्दै लैजाने नीति लिएको छ । सडक निर्माणसँगै आवश्यक पुल, कल्भर्ट, नाला तथा अन्य संरचना निर्माणलाई पनि सँगसँगै अघि बढाइने उहाँले जानकारी दिनुभयो ।

मधेस प्रदेशका आठवटै जिल्लामा सडक सञ्जाल विस्तार भइरहे पनि कतिपय ग्रामीण क्षेत्रमा अझै वर्षायाममा यातायात सञ्चालनमा कठिनाइ हुने गरेको छ । त्यसलाई सम्बोधन गर्न सडकको स्तरोन्नति, नाला निर्माण, पुल तथा कल्भर्ट निर्माणलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले आगामी केही वर्षभित्र प्रदेशका हरेक गाउँ तथा सहरलाई व्यवस्थित सडक सञ्जालमा जोड्ने लक्ष्यसमेत लिएको छ । सोही लक्ष्यअनुसार नयाँ सडक निर्माणसँगै पुराना तथा जीर्ण सडकको स्तरोन्नति र कालोपत्र गर्ने कामलाई समेत प्राथमिकतामा राखिएको छ ।

प्रवक्ता अधिकारीका अनुसार प्रदेशका ३२ वटै निर्वाचन क्षेत्रमा कम्तीमा पाँच किलोमिटर सडक कालोपत्र गर्ने उद्देश्यले बोलपत्र आह्वान गरी ठेक्का प्रक्रियासमेत अघि बढाइएको छ । यसबाट प्रदेशका मुख्य तथा सहायक सडकको स्तरोन्नतिमा थप गति आउने अपेक्षा गरिएको छ ।

त्यस्तै, सडक तथा पुल निर्माणले प्रदेशका विभिन्न जिल्लाबीचको अन्तरसम्बन्धसमेत थप मजबुत हुने सरकारको विश्वास छ । प्रदेशभित्रै सहज यातायात सुविधा विस्तार भएपछि जनकपुरधामलगायत प्रमुख सहरसँग ग्रामीण क्षेत्रको सम्पर्क बढ्ने तथा व्यापारिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहको भनाइ छ ।

# बाढीबाट भएको क्षतिको यथार्थ मूल्याङ्कन गर्न अर्थमन्त्रीको निर्देशन

काठमाडौँ, २४ भदौ (रासस) ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले भोटेकोशी बाढीले निम्त्याएको तत्कालीन भौतिक क्षति र आवश्यकता मूल्याङ्कन (आरडिएनए) को विवरण यथार्थपरक बनाउन निर्देशन दिनुभएको छ ।

मङ्गलबार अर्थ मन्त्रालयमा राष्ट्रिय योजना आयोगले गठन गरेको एक कार्यदलले तयार गरिरहेको तत्कालीन भौतिक क्षति र आवश्यकता मूल्याङ्कन ( आरडिएनए) र विश्व बैङ्कले तयार पारेको विश्वव्यापी विपद्पश्चात् द्रुत क्षति अनुमान (ग्रेड) को छुट्टाछुट्टै प्रारम्भिक मूल्याङ्कनबारे छलफल गर्दै उहाँले आयोग र विश्व बैङ्कका नेपाल प्रतिनिधिहरूलाई यस्तो निर्देशन दिनुभयो ।

"पुनर्निर्माण र पुनर्स्थापनालाई प्रभावकारी बनाउन बाढीले निम्त्याएको भौतिक क्षति र आवश्यकता मूल्याङ्कन यथार्थपरक बनाउन जरुरी छ," अर्थमन्त्री वाग्लेले भन्नुभयो, "सरकारले ठीक निर्णय गर्न र लगानी जुटाउन आरडिएनए र ग्रेड यथार्थपरक र सत्यतामा आधारित भएर एउटा राष्ट्रिय डकुमेन्ट बन्नुपर्छ ।"

योजना आयोगले बाढीले पुर्‍याएको भौतिक क्षति र मानवीय क्षतिको द्रुत तथा प्रारम्भिक चरणको आकलन प्रतिवेदनको खाका तयार गरिरहेको छ । विश्व बैङ्कले भने क्षतिको प्रारम्भिक आकलन तयार पारेको छ ।

सोही खाकाका प्रारम्भिक विवरणहरूलाई यकिन गरेर साझा प्रारम्भिक प्रतिवेदन तयार पार्न मङ्गलबार सरोकारवालाहरूसँग अर्थमन्त्री वाग्लेले छलफल गर्नुभएको हो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकरण भट्टसहित आयोगका उच्चपदस्थ अधिकारी सहभागी हुनुभएको छलफलमा बाढीका कारण भौतिक सम्पत्तिमा पुगेको क्षतिको आरडिएनए गर्न चार फरक-फरक क्षेत्रका रूपमा छुट्याएर मूल्याङ्कन गरिएको जानकारी गराइयो । त्यसमा सामाजिक, उत्पादनमूलक, पूर्वाधार र अन्य क्षेत्रका रूपमा विभाजन गरिएको छ ।

सामाजिक क्षेत्रअन्तर्गत निजी भवन र संरचना, सार्वजनिक, शिक्षा, स्वास्थ्य र सांस्कृतिक सम्पदा क्षेत्रका पूर्वाधारमा पुगेको क्षतिको अध्ययन नतिजा समावेश गरिएको छ ।

उत्पादनमूलक क्षेत्रअन्तर्गत कृषि, मत्स्य, पशुपन्छी, वित्तीय र आर्थिक गतिविधिको मूल्याङ्कन भइरहेको छ । जलविद्युत् आयोजना र प्रसारण लाइन, घरायसी हरित ऊर्जाको उपयोग, सडक, पुल, दूरसञ्चार, वातावरणीय स्वास्थ्य तथा सिँचाइ एवं नदी व्यवस्थापनको कार्यलाई पूर्वाधार क्षेत्रका रूपमा मूल्याङ्कन गरिएको छ ।

बाढीग्रस्त क्षेत्रमा थुप्रिएको भग्नावशेष र जोखिमयुक्त फोहोरको अवस्थालाई पनि चौथो क्षेत्र (अन्तरक्षेत्रीय विषयवस्तु) का रूपमा समावेश गरेर मूल्याङ्कन गरिएको छ । दुवै प्रतिवेदनलाई समेटेर सरकारले एक साझा आरडिएनए प्रतिवेदन छिट्टै सार्वजनिक गर्ने तयारी गरेको छ ।

योजना आयोगले सहसचिव अर्जुन भण्डारीको नेतृत्वमा भौतिक पूर्वाधार मन्त्रालयसहितका सरोकारवाला मन्त्रालयका प्रतिनिधिलाई राखेर आरडिएनए प्रतिवेदन तयार गरिरहेको छ ।

सोही प्रतिवेदनका आधारमा सरकारले तत्कालीन राहतको व्यवस्थादेखि लगानीको स्रोत जुटाउने र पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाउनेछ ।

# हिंसात्मक घटनाका दोषीलाई कारबाही गर्न अध्यक्ष ओलीको आग्रह

काठमाडौँ, २४ भदौ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी ( एमाले)का अध्यक्ष केपी शर्मा ओलीले २०८२ भदौ २३ र २४ गते भएका घटनाको गम्भीर छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभएको छ ।

तत्कालीन समयमा प्रधानमन्त्रीसमेत रहनुभएका एमाले अध्यक्ष ओलीले बुधबार एक प्रेस वक्तव्यमार्फत भदौ २३ गतेको युवा प्रदर्शनका क्रममा गोली लागी ज्यान गुमाउने युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ । उहाँले त्यसपछिका घटनामा कर्तव्यपालनाका क्रममा ज्यान गुमाएका प्रहरीप्रति पनि श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

अध्यक्ष ओलीले लोकतन्त्रमा नागरिकले सरकारसमक्ष आफ्ना अपेक्षा, असन्तुष्टि र माग प्रस्तुत गर्नु स्वाभाविक भएको उल्लेख गर्दै संविधानले शान्तिपूर्ण रूपमा भेला हुने, विरोध गर्ने तथा लोकतान्त्रिक माध्यमबाट सरकार गठन, पुनर्गठन र परिवर्तन गर्ने अधिकार सुनिश्चित गरेको बताउनुभएको छ ।

आफू नेतृत्वको तत्कालीन मन्त्रिपरिषद् बैठकले घटनाको न्यायिक छानबिनका लागि आयोग गठन गर्ने, सामाजिक सञ्जालमा लगाइएको अस्थायी प्रतिबन्ध हटाउने, घाइतेको निःशुल्क उपचार तथा पीडितपरिवारलाई क्षतिपूर्ति दिने निर्णय गरेको स्मरण गर्नुहुँदै अध्यक्ष ओलीले उक्त दुःखदायी घटनाको नैतिक जिम्मेवारी लिई तत्कालीन गृहमन्त्रीले राजीनामा दिएको पनि वक्तव्यमा उल्लेख छ ।

अध्यक्ष ओलीले गत भदौ २४ गते राष्ट्रपति भवन, प्रधानमन्त्री निवास, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राजनीतिक दलका कार्यालय तथा सार्वजनिक र निजी सम्पत्तिमा भएको आगजनी, तोडफोड र आक्रमणलाई दुःखदायी क्षणका रूपमा लिनुपर्ने उल्लेख गर्नुभएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*